लोकप्रिय दैनिक

जि.प्र.का. दर्ता नं. ३१/०६७/०६८
जि.हु.का. दर्ता नं. ०१/०६१/०८२

# इलाम एक्सप्रेस

वर्ष-१६, अङ्क -१८५ २०८३ साल असार १९ गते शुक्रबार (Friday 3 JUL . 2025) (पृष्ठ ४) मूल्य . - ४

कोरोना विरुद्धको खोपको पर्खाईमा रहेका नागरिकलाई खोप केन्द्रसम्म पुऱ्याउन सहयोग गरौं । खोप केन्द्रमा भीडभाड नगरौं ।

खोप लगाऔ, कोरोनाबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मेची राजमार्ग जोखिममा, फेरि 'टापु' बन्ने त्रासमा इलाम

*एक्सप्रेस संवाददाता*

***इलाम, असार १८*** : मेची क्षेत्रको 'लाइफ लाइन' मानिने मेची राजमार्ग वर्षौंदेखि बाढी र पहिरोको उच्च जोखिममा पर्दै आएको छ। लगातारको वर्षा, बाढी र पहिरोका कारण इलाम-झापा सडक खण्डका विभिन्न स्थान कमजोर बन्दै गएका छन्। विशेषगरी इलाम नगरपालिका-९ को राजदुवाली क्षेत्रमा सडक बग्न थालेपछि इलाम सदरमुकामसँगै पाँचथर र ताप्लेजुङसम्मको मुख्य सडक सम्पर्क नै विच्छेद हुने खतरा बढेको छ।
मेची क्षेत्रको मुख्य प्रवेशमार्ग यही सडक हो। यही बाटो हुँदै इलाम, पाँचथर र ताप्लेजुङका हजारौं नागरिक दैनिक आवतजावत गर्ने गर्छन्। तर अहिले राजदुवाली क्षेत्रमा करिब आधा किलोमिटर सडक पहिरोले बगाएर क्षतविक्षत बनाएपछि यात्रु र सवारी चालक त्रासका बीच यात्रा गर्न बाध्य छन्। यो खण्ड पूर्ण रूपमा अवरुद्ध भए इलाम सदरमुकामसँगै



पाँचथर र ताप्लेजुङसँगको मुख्य सडक सम्पर्क नै टुट्ने अवस्था आउने स्थानीयको भनाइ छ। गत वर्ष असोज १८ गतेको भीषण वर्षापछि आएको पहिरोले यो सडकमा ठूलो क्षति पुऱ्याएको थियो। त्यसअघि असोज १२ गतेको वर्षाले पनि सडक कमजोर बनाएको थियो। यस वर्ष मनसुन सुरु भएसँगै राजदुवाली, सिमलगोलाई, बन्चरेगोलाई र कोल्बुङ क्षेत्रमा जोखिम फेरि बढ्न थालेको छ। वर्षेनी एउटै समस्या दोहोरिने भएकाले सम्बन्धित निकायले दीर्घकालीन समाधानमा ढिलाइ गर्न नहुने स्थानीयको माग छ। केही दिनअघि यही वैकल्पिक सडकमा गोलिया काठ बोकेको ट्रक दुर्घटनामा परेपछि सडकको जोखिम झनै उजागर भएको थियो ।

## इनपा पर्यटकको आकर्षण बन्दै

*एक्सप्रेस संवाददाता*

***इलाम असार १८ :*** इलामका चियाबारी, भालुढुङ्गा, भ्यू टावर, माइस्थान मन्दिर, चिया कारखाना, अरनिको संग्राहालय, भाइरल पुल तथा रामसार क्षेत्रमा सूचीकृत माइपोखरीलगायत पर्यटकीय गन्तव्यले स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढाइरहेका छन् ।

पर्यटनसँगै स्थानीयले फोटो(भिडियो सेवा, होटल, होमस्टे र अन्य व्यवसायबाट आम्दानीसमेत गरिरहेका छन् ।

पर्यटन प्रवर्द्धनका लागि इलाम नगरपालिकाले नगर पर्यटन सूचना केन्द्र सञ्चालन, पर्यटक गाइड तथा ड्राइभर व्यवस्थापन, होमस्टे तालिम, अन्तर्राष्ट्रिय पर्यटन सहकार्य, म्याराथन, 'केचना(कञ्चनजंघा रेस्पोन्सिबल टुरिजम मिट(२०८३' लगायतका कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।
नगरको तथ्याङ्क अनुसार एक वर्षको अवधिमा ३३ हजार ९ सय ५९ आन्तरिक तथा बाह्य पर्यटक इलाम भ्रमण गरेका छन् ।

नगरपालिकाले पर्यटन पूर्वाधार विस्तार, प्रचार(प्रसार र जिम्मेवार पर्यटनको अवधारणामार्फत इलामलाई अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको जनाएको छ ।

निमोनियाबाट बालबालिकालाई बचाउन,

➢नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।

➢आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।

➢धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।

➢सरसफाईमा उचित ध्यान दिऔं ।

➢संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

जिल्ला प्रहरी कार्यालय इलामको अनुरोध
dpoilam@nepalpolice.gov.np Dpo Ilam

तपाईले चाहे एकदिन !

के.........?
लागु औषध बिक्री वितरण र ओसार पसार नियन्त्रण ! !

कसरी......?
जजसको टोल, छरछिमेक घरमा लागु औषध प्रयोग कर्ता छन सोको जानकारी दिने । । ।

कसलाई......?
नजिकको प्रहरी कार्यालय
१००/९८५२६९००३०/९८५२६८०७१०
वा जिल्ला प्रहरी कार्यालयमा स्वयम उपस्थित भई । । ।
तपाई दिएको जानकारी अनुसार लागु औषध सेवन कर्ताहरुको जिल्ला भरीको लगत उतार गरी उपयुक्त स्थानमा सचेतनामुलक कार्यक्रम संचालन गरी दुर्व्यसनी रहित समाज निर्माण गर्ने छौ ।
"हाम्रो चाहना दुर्व्यसन रहित स्वास्थ र सुखी जिवनको कामना हाम्रो चाहाना लागु पदार्थ रहित समाज सृजना"
"Yes To Life, No to Drugs"

सार्वजनिक सन्देश:

- स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरौँ।
- उद्योग सिर्जना गरी आत्मनिर्भर बनौँ।
- विभिन्न उद्योग, व्यवसाय सञ्चालन तथा स्थापना सम्बन्धमा विभिन्न सेवा र परामर्शका लागि यस कार्यालयमा सम्पर्क गरी सेवा प्राप्त गर्नुहोला।

अनुरोधक :-
घरेलु तथा सानो उद्योग कार्यालय, इलाम
फोन : ०२७-५२३०२३

*हुलाक कार्यालय अब छिटो छरितो सेवा*

√ सेवाग्राहीले हुलाकबाट पठाउनुभएको हुलाक बस्तु बारे जानकारी लिनु परेमा www.gop.gov.np लग इन गर्नुहोस

√ इस कार्यालयबाट सञ्चालित हुलाक बचत बैंक नेपाल सरकारको निर्णय बमोजिम २०८०/०४/१९ गतेबाट राष्ट्रिय बाणिज्य बैंक इलाम शाखामा हस्तान्तरण भएकाले सम्पूर्ण हुलाक बचत बैंक इलाममा रहेका राष्ट्रिय बाणिज्य बैंक इलाम शाखामा गएर खाता अध्यावधिक गराई सेवा लिन अनुरोध ।

√ जिल्ला भित्र तथा बाहिर चलान हुने पत्रपत्रिकाहरु हुलाक दर्ता नविकरण समेत गरिन्छ ।

√ बिज्ञापन बोर्डबाट प्राप्त लोक कल्याणकारी बिज्ञापनको प्रशारण तथा प्रकाशन गरे बापत तोकिएको रकम रेडियो एफएम तथा पत्र पत्रिकाहरुलाई भुक्तानी समेत यस कार्यालयले गर्दछ ।

√ सरकारी कार्यालय भएकोले हुलाक बस्तु आदानप्रदान गर्न हामिलाई सम्झनुहोस्, हामि सदैव बिश्वासिलो सेवा प्रदान र्न यहाँहरुको सेवामा हाजिर छौं । धन्यबाद

"वनस्पतिको अनुसन्धान र नवप्रवर्तन, राष्ट्रको उन्नयन"
वन वनस्पतिको संरक्षण गरौं
जडिबुट्टि खेतीलाई प्रवर्द्धन गरौं

हाम्रो इलामको माथिल्लो भू-भागहरुमा प्रसस्तै जडिबुट्टि खेति भइरहेकाको र प्रसस्तै संभावन रहेकोले जडिबुट्टि खेतीको प्रवर्द्धन तथा विस्तार गरौ ।



डम्बर बहादुर कार्की
वरिष्ठ वैज्ञानिक अधिकृत
वनस्पति अनुसन्धान केन्द्र, इलाम

नसर्ने रोगबारे जानकारी

- क्यान्सर, मुटु रोग, मधुमेह, दिर्घ श्वास प्रश्वास जस्ता नसर्ने रोगहरु लाग्नबाट बच्ने निम्न उपायहरु अपनाऔ र दीर्घजीवन यापन गरौं ।
- चुरोट, बिडी, खैनी, गुटखा तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं । जाँड रक्सी वाइन बियर आदि सेवन नगरौ । दैनिक कम्तीमा आधा घण्टा पसिना आउने गरिहिड्ने व्ययम खेलकुद तथा काम गर्ने गरौं । शरीरको तौल बढीभए घटाऔं । अन्न, दाल, गेडागुडी, दूध, माछा, बोसो,नभएको मासु, अण्डा, हरियो सागपात, फलफूल सन्तुलित रुपमा खानेगरौ । नुन दैनिक ५ ग्राम भन्दा कम खाने गरौ । मानसिक तनाव कम गरौं । चिल्लो र बोसो युक्त खाद्य पदार्थ कम खाने गरौं ।
- नियमित रुपमा स्वास्थ्य परीक्षण गराऔं ।
- कुनै शरीरिक समस्या भए चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाह अनुसार समुचित औषधीको प्रयोग गरौं ।

स्वास्थ्य कार्यालय, इलाम

## सम्पादकीय

# कहिलेसम्म हो जोखिम ?

मेची क्षेत्रको 'लाइफ लाइन' मानिने मेची राजमार्ग फेरि एकपटक मनसुनसँगै संकटमा परेको छ। इलाम नगरपालिका-९ को राजदुवाली क्षेत्रमा पहिरोले सडक बगाएपछि इलाम सदरमुकाम मात्र होइन, पाँचथर र ताप्लेजुङसम्मको मुख्य सडक सम्पर्क नै विच्छेद हुने जोखिम बढेको छ। यो कुनै नयाँ समस्या होइन। हरेक वर्ष वर्षा सुरु हुनासाथ यही सडक जोखिममा पर्छ, अस्थायी मर्मत हुन्छ, केही समय सवारी सञ्चालन हुन्छ र अर्को मनसुनसँगै फेरि उही समस्या दोहोरिन्छ। यसले देखाउँछ कि समस्या प्राकृतिक मात्र होइन, दीर्घकालीन योजना र कार्यान्वयनको अभाव पनि हो। गत वर्षको भीषण बाढी-पहिरोले यस क्षेत्रमा ठूलो क्षति पुर्‍याएको थियो। त्यसपछि सडकलाई सुरक्षित बनाउने, पहिरो नियन्त्रण गर्ने र भरपर्दो वैकल्पिक मार्ग तयार गर्ने प्रतिबद्धता गरिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन। परिणामस्वरूप यस वर्ष पनि राजदुवाली, सिमलगोलाई, बन्चरेगोलाई र कोल्बुङ क्षेत्र उच्च जोखिममा पुगेका छन्। विकल्पका रूपमा प्रयोग गरिने सिमलगोलाई-जोगमाई-तिल्केनी सडकसमेत सञ्चालनयोग्य छैन भने केचना-कञ्चनजंघा मार्गका संरचनाहरू पनि पूर्ण रूपमा उपयोगमा आउन सकेका छैनन्।

सडक अवरुद्ध हुनु भनेको केवल सवारी रोकिनु मात्र होइन। यसले स्वास्थ्य सेवा, शिक्षा, व्यापार, कृषि उत्पादनको ढुवानी, पर्यटन तथा दैनिक उपभोग्य वस्तुको आपूर्तिसमेत प्रभावित हुन्छ। बिरामीले समयमा उपचार पाउँदैनन्, कृषकले उत्पादन बजारसम्म पुर्‍याउन सक्दैनन् र नागरिकको दैनिक जीवन नै अस्तव्यस्त बन्छ। तीन पहाडी जिल्लाको आर्थिक र सामाजिक गतिविधि एउटै सडकमा निर्भर हुनु आफैंमा संवेदनशील विषय हो। यतिबेला सम्बन्धित निकायले अस्थायी मर्मत, पहिरो नियन्त्रण र सवारी व्यवस्थापनको प्रयास गरिरहेका छन्। रातिको समयमा ठूला सवारी सञ्चालनमा रोक लगाउने निर्णय तत्कालीन जोखिम व्यवस्थापनका दृष्टिले आवश्यक हुन सक्छ। तर यस्ता निर्णयले मात्र समस्या समाधान हुँदैन। आवश्यक भनेको भूगर्भीय अध्ययनका आधारमा स्थायी संरचना निर्माण, पहिरो नियन्त्रणका प्रभावकारी उपाय, नदी नियन्त्रण, समयमै बेलिब्रिज जडान तथा वैकल्पिक मार्गलाई सबै मौसममा सञ्चालनयोग्य बनाउने दीर्घकालीन योजना हो। मेची राजमार्ग केवल एउटा सडक होइन, पूर्वी पहाडका लाखौं नागरिकको जीवन, अर्थतन्त्र र विकाससँग जोडिएको आधारभूत पूर्वाधार हो। त्यसैले यसको संरक्षणलाई वार्षिक मर्मतको विषय बनाएर होइन, राष्ट्रिय प्राथमिकताको परियोजनाका रूपमा अघि बढाउन आवश्यक छ। अन्यथा प्रत्येक मनसुनमा इलाम, पाँचथर र ताप्लेजुङ फेरि सडक सञ्जालबाट विच्छेद हुने र नागरिकले उही सास्ती भोगिरहने अवस्था अन्त्य हुने छैन।

# परिष्कृत काम, परिवर्तित नाम

*धुबहरी अधिकारी*

हालै अर्थात् १६ जून (२ असार २०८३) का दिन अमेरिकी प्रतिरक्षा विभागले एउटा सूचना निकालेर अब उप्रान्त प्रशान्त महासागरले चर्चेको भूखण्ड 'इण्डो प्यासिफिक कमाण्ड' लाई पुनः पुरानो नाम 'प्यासिफिक कमाण्ड' बाट परिचित गराइने छ। अमेरिकी सैनिक संरचनामा यसलाई सात भौगोलिक कमाण्डमध्येको शीर्षस्थानको कमाण्ड मानिन्छ । अर्को शब्दमा, हिन्द-प्रशान्त क्षेत्र अब 'प्रशान्त क्षेत्र' को नामबाट चिनिने भएको छ । परन्तु 'इण्डो' शब्द झिकिए पनि यसको कार्यक्षेत्रमा परिवर्तन नहुने अमेरिकी सरकारको भनाइ छ । यस कमाण्डका कमाण्डर एडमिरल सामुएल पापारो हुन्; जसले केही महिनापहिले नेपालको पनि भ्रमण गरेका थिए । रोचक कुरो के छ भने डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालको आरम्भमै प्रतिरक्षा विभागको नयाँ नाम 'युद्ध विभाग' राखिएको छ। यता, फेरि यही विभागले एसिया-प्रशान्त क्षेत्र हेर्ने कमाण्डलाई चाहिँ पुरानै नाममा फर्काएको छ ! जे होस्, अमेरिकी सरकारको यस नयाँ घोषणाको अर्थ र अभिप्राय बुझ्न त्यति सजिलो छैन यद्यपि सरोकारवाला निकायहरू यसबारे बेखबर रहन पनि सकेका छैनन् । सरकारी कथनलाई विश्वास गर्ने हो भने नाम परिवर्तनको प्रतीकात्मकबाहेक अर्को अर्थ छैन किनभने अहिले नाम मात्र फेरिएको हो, कामको प्रकृति र कार्यक्षेत्रमा कुनै तलमाथि गरिएको छैन ।

### शब्दको खेल

प्रश्न गर्नेहरूको जिज्ञासा यथास्थानमा छ । आखिर पहिलेको नाम फेरेर नयाँमा लैजाने पनि ट्रम्प प्रशासन, अहिले फेरि पुरानैमा स्थापित गराउने पनि ट्रम्प प्रशासन । 'इण्डो' शब्द थप्ने पनि ट्रम्प, अहिले त्यो शब्द झिक्न लगाउने पनि ट्रम्प । जो बाइडेनको पालामा यसमा कुनै हेरफेरको प्रयास भएन । आखिर किन हुँदै छ त यो नीतिगत परिवर्तन ? यसै साता मनाउन लागिएको संयुक्त राज्य अमेरिका स्थापनाको २५० औं वर्षगाँठको प्रसङ्गमा ट्रम्पले अमेरिकाको सैनिक शक्तिलाई प्रदर्शन गर्न यस्तो कदम चाल्नु उपयुक्त देखेका हुन सक्छन् भन्ने मत राख्ने पनि छन् । अमेरिकालाई फेरि महान् बनाऔं (मेक अमेरिका ग्रेट एगेन) भन्ने ट्रम्पको सुपरिचित नारा हो । ज्ञातव्य छ, प्रशान्त महासागर र हिन्द महासागर दुई भिन्न जलधि हुन् । अष्ट्रेलिया महादेशको दक्षिणी भेगमा यी एक-आपसमा मिसिन्छन् । र, यिनै दुई महासागर वरपरका देश, प्रदेशलाई आधार मानेर संयुक्त राज्य अमेरिकाले रणनीतिक मानचित्र बनाई प्रतिरक्षा मामिलामा तदनुरुपका योजना, परियोजना व्यवस्थापन गर्ने परिपाटी सन् २०१८ मा बसालेको हो । राष्ट्रपति ट्रम्प पहिलो कार्यकालको पहिलो चरणमा हुँदाको घटना-विकास हो यो । र, त्यसलाई 'हिन्द-प्रशान्त रणनीति' को संज्ञा दिइयो । परराष्ट्र विभागका कर्ता-धर्ताहरूले तदनुसार प्रचार-प्रसार पनि गरे । अनि अमेरिकी प्रतिरक्षा विभागले पनि आफ्नो पूर्वी सैनिक कमाण्डको मिल्दोजुल्दो नामकरण गर्‍यो- हिन्द-प्रशान्त कमाण्ड (इण्डो-प्यासिफिक कमाण्ड) । यसको मुख्यालय हवाई राज्यको होनोलुलुमा छ; जसले त्यहाँबाट ३८ वटा एसियाली देशका गतिविधिलाई नियाल्छ । तीमध्ये पाँचवटा दक्षिण एसियामा पर्दछन्- बंगलादेश, नेपाल, भारत, माल्दिभ्स र श्रीलङ्का । भुटानसँग अमेरिकाको सोझो कूटनीतिक सम्बन्ध छैन ।

### अभिलेखको आधार

पाकिस्तान र अफगानिस्तान यस समूहमा पर्दैनन्, किनभने अमेरिकी दृष्टिकोणमा यी दुई देश पश्चिम एसिया र खाडीक्षेत्रसँग बढी निकट छन् । यिनलाई अमेरिकाले 'सेण्ट्रल कमाण्ड' को जिम्मेवारीमा राख्दै आएको छ । माथि नै लेखियो- युरोप, अफ्रिका, दुई अमेरिकी महादेशमा समेत गरी जम्मा सातवटा यस्ता सैनिक कमाण्ड क्रियाशील छन् । प्यासिफिक कमाण्ड पृथ्वीको ५२ प्रतिशत भू-भागलाई आफ्नो जिम्मेवारीको इलाका ठान्दछ । विश्वको कुल जनसङ्ख्याको आधा हिस्सा यसै भूखण्डमा पर्दछ । अमेरिकी विषय-विज्ञहरू अभिलेख पल्टाउँछन्- सन् १९४७ मा राष्ट्रपति ह्यारी ट्रुमनको स्वीकृति अनुसार प्रशान्त क्षेत्र हेर्न 'यू एस् प्यासिफिक कमाण्ड' स्थापना गरिएको थियो । त्यसले यति लामो अवधिसम्म तोकिएको काम गरेकै थियो । तब किन सन् २०१८ मा आएर त्यो नाम किन फेर्न'परेको थियो ? यसबारे एकथरी अध्येता भन्छन्- ट्रम्पले पहिलो कार्यकालमा सम्भवतः चीनलाई कडा प्रतिद्वन्द्वी ठानेर एसियाका अन्य भागमा त्यसको विस्तार हुन नदिन र साम्यवादी दबाबलाई नियन्त्रणमा राख्न लोकतान्त्रिक भारतलाई बढी महत्व दिँदा अमेरिका लाभान्वित हुने ठानेका थिए । 'इण्डो' शब्द थप्दा दिल्ली खुसी र अनुगृहीत हुने अमेरिकी अपेक्षा हुँदो हो । बेइजिङको उस बखतको प्रतिकृया सम्झिनेहरूले त्यो अड्कललाई अस्वीकार गर्दैनन् पनि । जगरु-जाहेर छ, त्यस बेला चीनले 'इण्डो' शब्द थपिएको आफूलाई घेराबन्दीमा पार्ने अमेरिकी दुष्प्रयास हो भन्ने बुझेको थियो । त्यस्तै, 'क्वाड' समूहमा अमेरिका, अष्ट्रेलिया र जापान मात्र होइन भारतलाई पनि समावेश गरिएकाले चीन सशङ्कित हुनु स्वाभाविक थियो । त्यस कोणबाट नियाल्दा हालको नाम-परिवर्तनबाट आउने अर्थले चीनलाई केही आश्वस्त तुल्याउने अनुमान गर्न सकिन्छ । अर्को कोणबाट हेर्नेहरूले अब अमेरिकाले आफ्नो क्षेत्रीय कमाण्डको पूरै शक्ति चीनमाथि आक्रामक हुने र ताइवानलाई उक्साउने काममा लगाउने लख काटेका छन् । यसले चीनलाई व्यग्र तुल्याउने पो हो कि भन्ने तर्कहरू पनि सतहमा आएका छन् । वास्तविकता के हो त्यो आगामी दिनमा प्रकट हुँदै जाला । आधिकारिक तवरमा भने भारतले जस्तै चीनले पनि नाम-परिवर्तनसम्बन्धी यो नवीनतम अमेरिकी कदमबारे केही बोलेको छैन ।

### तीखो प्रतिक्रिया

'इण्डो' शब्द झिकिएको कुराले दिल्ली केही झस्केको सङ्केत भारतीय सञ्चारमाध्यममा प्रवाहित विविध टिप्पणीहरूले दिएका छन् । रणनीतिक विश्लेषक प्रोफेसर ब्रह्म चेलानीको 'एक्स' (ट्वीटर) मा आएको प्रतिकृयाले अमेरिका पाकिस्तानतिर लहसिएको कुरा दर्शाउँछ । अमेरिका दक्षिण एसियामा कुनै एक शक्तिको वर्चस्व होस् भन्ने पक्षमा देखिँदैन- चेलानीको टिप्पणी छ । जापानको 'जापान टाइम्स' अखबारले सम्पादकीयमा एक त्यस्तो बुँदालाई पनि उल्लेख गरेको छ; जसमा प्यासिफिक कमाण्डको वेबसाइटमा असावधानीवश भारतको नक्सा नै गलत रूपमा प्रस्तुत भएको थियो, पछि सच्याइयो । त्यसैगरी, गएको नोभेम्बरमा वाशिङटनमा प्रकाशित राष्ट्रिय सुरक्षा रणनीति (एनएसएस) मा समावेश गरिएका धारणालाई भारतका विश्लेषकले अहिलेको परिप्रेक्ष्यमा जानकारीमा लिनु पनि सामयिक नै हो । पश्चिम एसियाको युद्ध, युक्रेनको लडाञी, रूससँगको भारतको निकट सम्बन्ध आदि कुराले ट्रम्प प्रशासन दिल्लीसँग न्यानो सम्बन्ध राख्न अनिच्छुक देखिएको विषय पर्यवेक्षकमाझ हाल चर्चामा छ । 'इण्डो' शब्द झिक्दा भारत घाटामा नपर्ने तर्क पनि यसबीच आएका छन् । किनभने 'इण्डो' को बन्धन ( दायित्व) बाट मुक्त भएको भारतले आफ्नो विदेश नीतिलाई दह्रो र प्रभावकारी बनाउँदै जाने अवसर पाउन लागेको छ । इरानसँगको युद्धविरामको पहलमा अमेरिकालाई पाकिस्तानले सघाएको र त्यो सहयोगको ट्रम्पले तारिफ गरेबाट भारतलाई केही असहज महसुस भएको अनुमान गर्न गाह्रो छैन । अष्ट्रेलियाको लोई इन्स्टिट्युटको ताजा आकलनमा ट्रम्पले हालै गरेको चीन-भ्रमणपछि अमेरिका-चीन सम्बन्ध 'रचनात्मक रणनीतिक स्थायित्वतर्फ उन्मुख' भएको छ । अमेरिकाको साउथ क्यालिफोर्निया विश्वविद्यालयका प्रोफेसर डेरेक ग्रसम्यानको पनि यस्तै ठम्याइ रहेछ । विश्व-व्यवस्था अनिश्चय र अन्योलको भुमरीबाट निकट भविष्यमा बाहिर आउने सम्भावना कम छ । किनभने इरान र वरपरका देशहरू असुरक्षाको वातावरणमा छन्, हालैको भुइँचालोबाट भेनेजुएला पिल्सिएको छ । र, छिमेकको क्युबामा ट्रम्प प्रशासन आक्रमणको तयारी गर्दैछ । तेलको आपूर्ति सहज हुन नसक्नाले जताततैका जनता महँगीको मारमा परेका छन् । आर्थिक सङ्कटको सामना गर्ने उपाय र कदमहरूको चर्चा नियमित हिसाबले हुँदै आएका छन् तर गम्भीर बहस र ठोस कार्यान्वयनको बाटो खुलेको छैन । सम्भवतः यसमा केही प्रगति आउँदो डिसेम्बर (पुस) मा होला जब सम्पन्न देशहरूको एउटा समूह 'जी-ट्वेन्टी' को चौतारीमा भेला हुनेछन् । यस समूहको २१ औं शीर्षस्थ बैठक अमेरिकाको फ्लोरिडामा गर्ने तयारी भइरहेको छ । राष्ट्रपति ट्रम्प यसको आयोजक हुने कुराले गद्गद् छन् । थाहा भएकै कुरो हो, जी-ट्वेन्टी भनिने २० को समूहमा अग्रपङ्तिका लोकतन्त्र मानिएका सातवटा देशको प्रतिनिधित्व पनि हुनेछ ।

*साभारः गोरखापत्र*

## प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान कर तिरौ संमृद्ध इलाम बनाउने अभियानमा सबै जुटौं

## इलाम नगरपालिका, इलाम

### इलाम नगरपालिका वडा नम्बर १ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसकराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर १, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ७ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ७, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ९ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ९, इलाम**

### इलाम नगरपालिका वडा नम्बर ८ बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध इलाम हाम्रो अभियान, कर तिरौ संमृद्ध बनाउने अभियानमा सबै जुटौं ।

२. यस इलाम नगरपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, वडालाई स्वच्छ र सफा सफा बनाऔं ।

५. सफा क्षेत्र सफा वडा कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

**इलाम नगरपालिका**
**वडा नम्बर ८, इलाम**

## चुलाचुली गाउँपालिका बासिमा अनुरोध

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं

- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

**चुलाचुली गाउँपालिका, इलाम**

### माइजोगमाई गाउँपालिका बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध माईजोगमाई हाम्रो अभियान, कर तिरौ संमृद्ध माईजोगमाई बनाउने अभियानमा सबै जुटौं ।

२. यस माईजोगमाइ गाउँपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, स्वच्छ र सफा सफा बनाऔं ।

४.एकिकृत सम्पत्तिकर राजस्व गाउँपालिकाको कार्यालयमा तिरी सभ्य नागरिकको परिचय दिऔं ।

५. सफा क्षेत्र सफा गाउँ कायम गरि आन्तरिक पर्यटन प्रर्वद्धन गरी स्वरोजगार सृजना गरौं ।

*माईजोगमाई गाउँपालिका*
*इलाम*

### माङसेबुङ्ग गाउँपालिका बासिमा अनुरोध

१. प्राकृतिक स्रोत, कृषि र पर्यटन संमृद्ध माङसेबुङ्गलाई हाम्रो अभियान, कर तिरौ संमृद्ध माङसेबुङ्ग बनाउने अभियानमा सबै जुटौं ।

२. यस माङसेबुङ्ग गाउँपालिकाको वडा कार्यालयहरुमा पन्जिकरण, जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध बिच्छेत समयमा घटना दर्ता गराऔं ।

३. पूर्ण सरसफाई अभियानमा निरन्तरता दिई आफ्नो समुदायलाई, स्वच्छ र सफा सफा बनाऔं ।

४.एकिकृत सम्पत्तिकर राजस्व गाउँपालिकाको कार्यालयमा तिरी सभ्य नागरिकको परिचय दिऔं ।

५ . यस पालिकाको धार्मिक एवं प्राकृतिक पर्यटकीय क्षेत्रको प्रचार प्रसार मा जोड दिइं आन्तरीक र बाह्य पर्यटक भित्रयाउदै पर्यटन प्रबर्द्धनमा सघाउ पुरयाउँ ।

*माङसेबुङ्ग गाउँपालिका*
*इलाम*

- जिल्ला प्रहरी कार्यालय इलाम:- १००/५२०१००
- प्रहरी चौकी चोकबजार:- ५२०२११
- जिल्ला प्रशासन कार्यालय इलाम:- ५२०५५५
- आकस्मीक रक्त संचार:-
  - सम्पर्क रतन चौधरी:- ९८५२६८००५८
- विद्युत प्राधिकरण इलाम:- ५२००५४
- विद्युत मर्मत सेवा:- ५२००५५
- एम्बुलेन्स सेवा:-
  - इलाम अस्पताल:- ५२००४४
  - नेपाल रेडक्रस सोसाइटि इलाम:- ५२०५२२
- दमकल सेवा (इनपा):- ५२००३०
- खानेपानी (इनपा):- ५२००३०
- संचार संस्थाहरु
- रेडियो नेपालवाणी:- ५२१६९९, ५२१५०७
- इलाम एफ.एम:- ५२०७६९, ५२१४८२
- रेडियो फिक्कल:- ५४०४७७
- सन्दकपुर दैनिक:- ५२१६२९
- इलाम एक्सप्रेस दैनिक:-५२१७९२,
- इलाम पोष्ट दैनिक:- ५२१७९०

# आन्तरिक आय संकलन सम्बन्धिठेक्का आव्हावानको सूचना

## प्रथम पटक प्रकासित मिति : २०८३/०३/१९

यस सन्दकपुर गाउँपालिकाको आ.व. २०८३/०८४ को आन्तरिक आय संकलनका लागि तपशिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरु बाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आहवान गरिन्छ।

१.दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिनभित्र निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०८३/०४/०१गते भित्र कार्यालय समय सम्म दरभाउपत्र कागजत खरिद गर्न सकिने छ।

२.खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम,ठेगाना,ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८३/०४/०१गतेको दिन १२ बजे भित्र दर्ता गरीसक्नु पर्नेछ

३.खरिद भएको बोलपत्र प्रथम पटक प्रकासित मितिले मिति २०८३/०४/०१गते दिनको २ बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४.दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ

५.उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि,स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यवसाय कर प्रमाण पत्रको नविकरण प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ।

६.धरौटी वापतको रकम आफूले कबोल गरेको ठेक्का अङ्कको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड, सन्दकपुर शाखा देउरालीको खाता नम्बर १६४०११००१००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

७.म्याद नाघि आएको रित नपुगेको वा सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

८.दरभाउपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर(ख्व्त) बाहेकको दररेट उल्लेखित गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

९.यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

१०.ठेक्का स्वीकृत भई किस्ताबन्धीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नुपूर्व र बाँकी किस्ताको रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टीवा कबोल अंक बराबरको नगद धरौटी वापत यस सन्दकपुर गाउँपालिका कार्यालयको नाममा रहेको श्री प्रभु बैंक लिमिटेड, सन्दकपुर शाखा देउरालीको खाता नम्बर १६४०११००१००००४३ मा नगदै जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। समयमा कबोल अनुसारको किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टी वा धरौटी रकमबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

११.ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ।

१२.ठेक्का वापत नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका कर ठेकेदार स्वयमले बुझाउनु पर्नेछ।

१३.ठेक्का चलन ठेक्का सम्बन्धि कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ।कानुनले निशेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन।

१४.आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद,कर्मचारीको व्यवस्था ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ।रसिदमा अनिवार्य रुपमा यस सन्दकपुर गाउँपालिका कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ।छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कार्वाही गरिनेछ।

१५.बोलपत्रदाता र गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।अन्य थप जानकारीको लागि यस सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

### तपशिल:

| क्र.सं. | सूचना नम्बर | नाका/क्षेत्र | विवरण | न्युनतम ठेक्का रकम रु (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुर | अवधि |
|---|---|---|---|---|---|---|
| १ | १/२०८३/०८४ | सन्दकपुर- कालपोखरी क्षेत्र | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, सडक मर्मत सम्भार शुल्क | १८,००,००० | रु. १५०० | १ वर्ष |
| २ | २/२०८३/०८४ | माइपोखरी क्षेत्र, | पूर्वाधार सेवाको उपयोगमा लाग्ने | ४,००,००० | रु. १००० | १ वर्ष |
| ३ | ३/२०८३/०८४ | कैयाकट्टा,सन्दकपुर ५ | दुर्लभ बन्यजन्तु अवलोकन दस्तुर | ४,००,००० | रु. १००० | १ वर्ष |
| ४ | ४/२०८३/०८४ | टोड्के झरनासन्दकपुर २ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २०,००० | रु. १००० | १ वर्ष |
| ५ | ५/२०८३/०८४ | ढाप पोखरी, सन्दकपुर १ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २०,००० | रु. १००० | १ वर्ष |
| ६ | ६/२०८३/०८४ | कभर्ड हाल, सन्दकपुर ३ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ४०,००० | रु. १००० | १ वर्ष |
| ७ | ७/२०८३/०८४ | चोयाटार वन क्षेत्र, सन्दकपुर ५ | दुर्लभ बन्यजन्तु अवलोकन दस्तुर | २,००,००० | रु. १००० | १ वर्ष |
| ८ | ८/२०८३/०८४ | हाटबजार सहित निकासी कर | हाटबजार सहित र निकासी कर | १२,००,००० | रु. १५०० | १ वर्ष |

### जोरपोखरीका लागी निम्न बमोजिम हुनेछ

| क्र.सं. | सूचना नम्बर | विवरण | न्युनतम ठेक्का रकम रु (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुर | अवधि | शर्त |
|---|---|---|---|---|---|---|
| १ | ९/२०८३/०८४ | बोटिङ, फिसिङ, गेस्ट हाउस सहित | २,५०,००० | रु. १५०० | ५ वर्ष | हरेक वर्ष सम्झौता रकमको १०% ले बृद्दी हुने |

*प्रमुख प्रशासकीय अधिकृत*

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश न.१ स्वास्थ्य निर्देशनालय
इलाम अस्पताल इलाम
इलाम अस्पताल इलामको महत्वपूर्ण सेवाहरु
▸ इमरजेन्सी सेवा ▸ ओ.पि.डि ▸ प्रसुति/शल्यक्रिया कक्ष
▸ एआरटि सेन्टर ▸ एक्स-रे/भिडियो एक्स-रे
▸ अस्पताल क्यान्टिन ▸ ल्याब ▸ पोष्टमाटम
▸ फामेर्सी सेवा ▸ आँखा उपचार ▸ इन्डोर सेवा
▸ दन्त सेवा ▸ सि.एस.एस.डि ▸ टि.बि. क्लिनिक
लक्षित समूहहरुकालागि
गरिब ▸ असाहय ▸ अपाङ्गता भएका व्यक्ति ▸ जेष्ट नागरिक
▸ लैङ्गिक हिंसा पिडित (बालबालिका समेत)
▸ महिला स्वास्थ्य स्वयंसेविका (परिचय पत्र बाहेक)
लगायतका विभिन्न सेवाहरु इलाम अस्तालमा
सर्म्पक नम्बर ०२७-५२३०४४




### डिभिजन वन कार्यालय, इलामबाट

#### आ.व. २०८१।०८२ मा संचालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

- इलाम जिल्लाको इलाम न.पा., देउमाई न.पा., माई न.पा., चुलाचुली गा.पा. र फाकफोकथुम गा.पा.मा रहेको स्थायी नर्सरीहरुबाट विभिन्न प्रजातीको एक बर्षिय विरुवा २ लाख ५७ हजार ९६१ उत्पादन गरिएको।
- इलाम जिल्लाको माई न.पा. र चुलाचुली गा.पा.मा रहेको स्थायी नर्सरीहरुबाट विभिन्न प्रजातीको बहुबर्षिय बर्षिय विरुवा २१ हजार ७५ उत्पादन गरिएको।
- गुम्बाडाँडा महिला, दिपकमल र सृजना सामुदायिक वन उपभोक्ता समुह मार्फत विभिन्न प्रजातीको ५० हजार विरुवा उत्पादन गरिएको।
- सन्दकपुर गा.पा. मा रहेको सन्दकपुर सब डिभिजन वन कार्यालय, देउराली इलाममा १ वटा स्थायी नर्सरी स्थापना गरिएको।
- चुलाचुली गा.पा. मा रहेको चुलाचुली सब डिभिजन वन कार्यालय, बाह्रगोठे इलाममा १ वटा स्थायी नर्सरी स्थापना गरिएको।
- माई न.पा. ५ स्थित बसन्त सा.व.उ.स. मा २ हेक्टर वन क्षेत्रमा बृक्षारोपण तथा सो को मुख्य नाकामा १०० मी. मेसजाली सहित तारवार गरिएको।
- माई न.पा. ७ स्थित तमाखे सा.व.उ.स. मा 7.5 हेक्टर वन क्षेत्रमा बृक्षारोपण तथा सो को मुख्य नाकामा १०० मी. मेसजाली सहित तारवार गरिएको।
- वन क्षेत्र पुनर्स्थापनाको लागि मेशवायर सहितको घेरावारा गरी पुवामाई सा.व.उ.स. इलाम न.पा. ३ पाटेनागी क्षेत्रमा १४.१ हेक्टर जग्गामा बृक्षारोपण गरिएको।
- कार्ययोजनाको म्याद सकिएका विभिन्न २५ वटा सामुदायिक वन उपभोक्ता समुहहरुको कार्ययोजना नविकरण गरिएको।
- दिपकमल सा.व.उ.स. सूर्योदय न.पा. २ र ४ इलाम र दहालटार सा.व.उ.स. माई न.पा. ५ इलाममा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम संचालन गरिएको।
- ५ वटा सामुदायिक वन उपभोक्ता समुहहरुमा संरक्षण पोखरी निर्माण गरिएको।
- बनेलकुरी सा.व.उ.स. सन्दकपुर गा.पा. ४ र जुनतारा सा.व.उ.स. माई न.पा. ९ मा सामुदायिक वनमा उद्यमशिलता अभिबृद्धि कार्यक्रम संचालन गरिएको।
- वन पैदावार हानि नोक्सानी तथा ओसारपसार सम्बन्धी २३ जना प्रतिवादीहरु पक्राउ गरी ३३ जना प्रतिवादीहरु उपर ११ वटा मुद्दा श्री इलाम जिल्ला अदालत इलाममा दायर गरिएको जसमा १ वटा ट्रक, १ वटा ट्याक्टर, २ वटा पिकअप, १ वटा मोटरसाईकल र साल तथा अन्यजातको २३२८.४८ क्यू.फि. काठ बरामद गरिएको।
- जिल्ला वन पैदावार आपुर्ती समितिबाट २४ जना व्यक्तिहरुलाई घर निर्माण तथा घर मर्मतको लागि साल जातको १७४१.३८ क्यू.फि. काठ उपलब्ध गराईएको।
- विभिन्न मितिमा मुद्दा तथा वेवारिसे अवस्थामा बरामद भएको साल तथा अन्यजातको ५९१८.४९८ क्यू.फि. काठ लिलाम विक्री गरी ७३ लाख ६0 हजार ३३० रुपैया राजश्व संकलन गरिएको।

जय नेपाल सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित इलाम एक्सप्रेस राष्ट्रिय दैनिकका लागि अध्यक्षः तोयानाथ भट्टराई, प्रधान सम्पादकः सोमनाथ सुसेली, सम्पादकः प्रदीप घिमिरे, प्रमुख समाचारदाता : गणेश घिमिरे, संवाददाताः मुना बस्नेत,प्रोसेसिङः– बालकृष्ण बस्नेत कार्यालयः इ.न.पा.-७ ( नेपालवाणी एफ.एम.को माथिल्लो तला), इमेलः ilamexpress@gmail.com फोनः ०२७-५२१७९२,९८४२६२७०४७
मुद्रणः मनकामना (अफसेट) प्रिन्टिङ्ग प्रेस, इलाम